# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७४ फागुन २३

**जीवनको रक्षा गर्न आयोगको आग्रह**

कैलालीको धनगढी कारागारमा रहेका २४ जना कैदी बन्दीहरूले विभिन्न मागहरू राखी विगत चार दिन देखि आमरण अनसनमा बसेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा आयोगका माननीय सदस्य प्रकाश शर्मा वस्ती सहितको टोलीले आज अनुगमन गरी अनुगमनको आधारमा नेपाल सरकारलाई पत्राचार गरेको छ ।

आफ्ना मागहरू पूरा गर्ने सन्दर्भमा आमरण अनसन जस्तो संवेदनशील बाटो नरोज्न एवं आमरण अनशन स्थगन गरी विरोधको अन्य बाटो अवलम्बन गर्न आयोग अनसनरत पक्षलाई आग्रह गर्दछ । साथै कैदी बन्दीहरूको मानवोचित मागको सम्बन्धमा संवाद गरी जीवनको अधिकार रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org